# नगर प्रमुख रामचन्द्र जोशी ज्यूले कुश्मा नगरपालिकाको नगरसभामा

# प्रस्तुत गर्नुभएको

# आ.व २०७९/८० नीति तथा कार्यक्रम

कुश्मा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मा पर्वत, गण्डकी प्रदेश, नेपाल

असार १०, २०७९

कुश्मा नगरपालिककाको नवौं नगरसभाका

सदस्य ज्यूहरु ।

१. स्थानीय तहको ऐतिहासिक निर्वाचन २०७९ मार्फत कुश्मा नगरपालिकाको नगर प्रमुख जस्तो गरिमामय पदमा दोश्रो कार्यकालको लागि निर्वाचित भइ कार्यसम्पादन गर्न पाउने अवसर प्राप्त भएकोमा यस नगरका सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।पहिलो कार्यकालको सम्पूर्ण सफलता र उपलब्धीको श्रेय तपाइँहरुलाई सुम्पिदै यहाँहरुको अपार माया, विश्वास र समर्थनको जगमा **"समृद्ध सुन्दर कुश्मा नगर"** को परिकल्पना पुरा गर्ने दृढ विश्वास र दरिलो प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

२. स्थानीय तह निर्वाचन सम्पन्न भएर दोश्रो कार्यकालको लागि पुनः नगर प्रमुखको जिम्मेवारीमा आएको छु । जनताका अपेक्षा र चाहनाको प्रतिबिम्बन हुने गरि नागरिकको नजिकको अभिभावक र सरकारको भूमिका निर्वाह गर्ने दिशामा सम्पूर्ण नगरबासीको साथ, सहयोग र निरन्तर खबरदारीको अपेक्षा गरेको छु ।

३. देशैभर शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भइ कुश्मा नगरपालिका लगायत सम्पूर्ण स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि ज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

४. यस अवसरमा लोकतन्त्र प्राप्तिका लागि विभिन्न आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका घाइते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

५. विगत दुई वर्षदेखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि हामीले चालेका कदमको परिणाम स्वरूप यसको असर सामान्य हुँदै गएको छ । संक्रमण नियन्त्रण र व्यवस्थापनमा अहोरात्र खटिने चिकित्सक, नर्स, स्वास्थकर्मी, सफाईकर्मी, सुरक्षाकर्मी, राष्टसेवक कर्मचारी, जनप्रतिनिधि, सामाजिक तथा व्यवसायिक संघ संस्था, लगायत सम्पूर्ण नागरिकहरुलाई धन्यवाद दिन चाहन्छु ।सवैको प्रयासको बाबजुत कोरोनोको भयावह महामारीमा यस कुश्मा नगरपालिका लगायत देशैभर ज्यान गुमाउने नागरिकहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

सभाका सदस्यज्यूहरु

६. विगत ५ बर्षमा मेरो नेतृत्वमा कुश्मा नगरपालिकाले आर्थिक, सामाजिक, संस्थागत एवम अन्य थुप्रै क्षेत्रमा उदाहरणीय र उल्लेख्य उपलब्धि हासिल गरेको सम्पूर्णमा सर्वविदितै छ ।

७. सुरुवातमा म, कुश्मा नगरको विगत ५ वर्षको वार्षिक नीति कार्यक्रम र त्यस अनुसार पारित भएका बजेटका अपेक्षित लक्ष्य, कार्यान्वयन पछि भएका उपलब्धि, कार्यान्वयनमा थपिएका चुनौतिहरु बीच प्राप्त भएका केहि **महत्वपूर्ण** प्रगतिहरु समीक्षात्मक रुपमा प्रस्तुत गर्न चाहन्छु ।

- सुन्दर कुश्मा नगरको अवधारणा अन्तर्गत फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिंदै बैज्ञानिक फोहोरमैला व्यवस्थापनको लागि कुश्मा नगरपालिकाको वडा नं ४ मा कुहिने र नकुहिने फोहोर छुट्टै विसर्जन गर्ने र आगामी दिनमा Waste Management Plant निर्माण

गर्ने गरि दीर्घकालीन योजना अबलम्वन गरिएको छ । कुहिने फोहोर र नकुहिने फोहोर संकलन कार्य नियमित गरिएको छ ।

- प्रथम आवधिक विकास योजनाको रुपमा आ.व २०७८/७९ देखि २०८०/८१ सम्मको त्रिवर्षीय विकास योजना निर्माण गरी कृषि विकास र पर्यटन क्षेत्रलाई नगर विकासको महत्वपूर्ण संवाहक शक्तिको रुपमा ग्रहण गरिएको छ । आवधिक योजनाको प्राथमिकता प्राप्त क्षेत्रलाई क्रमशः कार्यान्वयन गर्ने चरणमा अगाडी बढेका छौं । नगरमा भएका भौतिक संरचनाहरुमा सडक, भवन, पुल, खानेपानी आयोजना, सिंचाई योजना, विद्यालय भवन निर्माण कार्यले तीव्र गति लिनुका साथै कतिपय थुप्रै योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।
- नगर सडक गुरुयोजना (MTMP) तयार गरी सडक निर्माण एवम् विस्तारलाई व्यवस्थित गरिएको छ । घर नक्सा पास प्रणालीलाई विद्युतीय माध्यमबाट संचालन गर्ने कार्य प्रारम्भ गरिएको छ ।
- नगरको बृहत्तर डिजिटल नगर पोर्टल निर्माण गर्ने कार्य प्रारम्भ भएको छ । आगामी आर्थिक बर्षको सुरुवातमै नगरको डिजिटल प्रोफाइल तयार गरि विधुतीय शासन प्रवाहमा कुश्मा नगरपालिकाले महत्वपूर्ण उपलब्धी हासिल गर्ने अपेक्षा गरिएको छ ।
- कुश्मा नगरपालिकाको वडा नं ६ मा सुविधा सम्पन्न बृहत सिटी हल तथा आधुनिक बसपार्क निर्माणको डि.पी.आर. तयार गरी निर्माणका लागि आवश्यक तयारी गरिएको छ ।
- कुश्मा नगरपालिका वडा नं ५ मा अस्पताल चोक देखि बन्जीजम्प सम्मको बाटो पिच गर्ने कार्य सम्पन भएको छ भने बन्जिदेखि हाइवे सम्मको बाटो निर्माण प्रारम्भ भएको छ ।
- स्वास्थ्य क्षेत्रको चुनौतीपूर्ण घडीमा कोरोना रोकथाम तथा नियन्त्रणको लागि कुश्मा नगरपालिकाको पहलमा कुश्मा नगरपालिका वडा नं ४ स्थित गुसेश्वर बहुमुखी क्याम्पसमा कोरोना अस्थायी अस्पतालको निर्माण गरि पर्वत जिल्ला लगायत धौलागिरि क्षेत्रमा आउन सक्ने ठुलो स्वास्थ्य संकट र महामारी कुशलतापुर्वक नियन्त्रण गर्न सफल भएका थियौं । स्थानीय स्कुलहरुलाई क्वारेन्टिनको रुपमा संचालन गरि बाहिरबाट आउने नागरिकलाई सुरक्षित रुपमा परिक्षण र व्यवस्थापन गरि कोरोनाको नियन्त्रणमा हामीले सफलता हासील गरेका छौं ।
- १२ वर्ष भन्दा माथिका सम्पूर्ण नगरबासीहरुलाई कोभिड–१९ विरुद्वको खोप सेवा प्रदान गरिएको तथा विभिन्न कारणले खोप सेवा लिन छुट भएकाहरुका लागि खोप सेवा निरन्तर प्रदान गर्रिंदै आएको छ ।
- पर्वत जिल्ला अस्पतालमा विभिन्न स्वास्थ्य सामग्री एवम् आर्थिक सहायता उपलब्ध गराइएको छ । कुश्मा नगरपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा तथा सुनिश्चित गरिएको छ ।

- कुश्मा नगरपालिका वडा नं १ को तत्तरकोटमा शहरी स्वास्थ्य केन्द्र निर्माण सम्पन्न भएको छ । नगरपालिकाको १४ वटा वडाहरुमध्ये थप ३ वटा वडामा शहरी स्वास्थ्य केन्द्र स्थापना र ३ वटा वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना तथा संचालन गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको संख्या १७ पुर्याइएको छ ।

- कुश्मा नगरपालिकाका बजार क्षेत्रमा सडक बत्ती जडान गरिएको छ भने बजारका मुख्य मुख्य चोकहरुमा सिसि क्यामेरा जडान गरी नगरको शान्ति सुरक्षामा प्रवर्द्धनात्मक कार्यक्रम अगाडी बढाईएको छ ।
- कुश्मा नगरपालिकाको सुविधा सम्पन्न आधुनिक प्रशासकीय भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएको छ । कुश्मा नगरपालिका वडा नं ९ र १३ को भवन निर्माण कार्य सम्पन्न भएका छन् । साथै वडा नं ३ को प्रशासकीय भवन सम्पन्न हुने चरणमा रहेको छ । नगरका वडा कार्यालयहरुलाई मजवुत बनाउन आफ्नै प्रशासनिक भवन नरहेका वडाहरुमा प्रशासनिक भवनको व्यवस्थाका लागि पहल गर्दै भवन निर्माणलाई प्राथमिकता साथ अगाडी बढाईएको छ ।
- नगरपालिकालाई संविधानमा उल्लेखित अधिकारहरुको कार्यन्वयनका लागि हालसम्म करिब ४० वटा ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तर्जुमा गरिएको छ ।
- अभिलेख प्रणालीलाई प्रभावकारी बनाउन विद्युतीय सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याइएको छ । जस अन्तर्गत सबै वडाहरुबाट कम्प्युटरकृत सेवा प्रदान गर्नुका साथै राजस्व, स्वास्थ्य, शिक्षा, नक्सा पास, लेखा, जिन्सी, रोजगार, घटना दर्ता लगायतका कार्यहरुलाई सफ्टवेर माध्यमबाट व्यवस्थापन गरिएको छ ।
- भूकम्पपछि नगरपालिका भित्र रहेको २० सामुदायिक विद्यालयहरुको जीर्ण रहेका भवन विस्थापन गरी पक्की भवनहरु निर्माण गरिएको छ।
- ECD एवम् विद्यालय कर्मचारीको तलब वृद्धि गरिएको छ ।सिकाई उपलब्धि ६०% बाट ६५% भएको छ। विद्यालय भर्ना दर ९२% बाट ९८ % पुगेको छ।
- नगर प्रमुखको सक्रियतामा विभिन्न विद्यालय तथा विद्यालयका छात्र-छात्राहरुलाई अध्ययन अध्यापन सामग्री सहित अन्य आवश्यक शैक्षिक सामग्री वितरण गरिएको छ।
- शिक्षक दरबन्दी मिलान कार्यक्रम करिब ४५% सम्पन्न गरिएको छ । नगरका २ वटा विद्यालयलाई नमूना विद्यालयको अवधारणा अनुरुप नगरपालिकाबाट नमूना विद्यालय भवन निर्माण कार्य सम्पन्नको चरणमा रहेको छ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुका लागि प्रत्येक वर्ष सेनिटरी प्याडको व्यवस्था गरिएको छ ।
- कुश्मा नगरपालिका वडा नं १ मा सुविधा सम्पन्न खेलमैदान निर्माणको लागि डि.पी.आर. निर्माण गरि हाल उक्त मैदानको लागि बजेट विनियोजन भई निर्माण कार्य अगाडी बढिरहेको छ ।

- बडागाउँ खेलकुद मैदान निर्माण एवम् संरक्षण र प्रवर्द्धन गरिएको छ । कालीगण्डकी कभर्ड हल-वडा नं ५ र पर्वत ब्याडमिन्टन हल-वडा नं ४ निर्माणको लागि आवश्यक आर्थिक सहयोग प्रदान गरि प्रवर्द्धन गरिएको छ ।
- यस नगरपालिकामा आ.व. २०७४/७५ देखि २०७८/७९ सम्म करिब २ हजार व्यवसाय दर्ता गरिएको छ भने 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत ५४ वटा प्रदान गरिएको छ ।
- नगरपालिकाको विपद् व्यवस्थापन, सरसफाई, बजार व्यवस्थापन, सेवा प्रवाह, दमकल, फोहर उठाउने गाडी जस्ता अत्यावश्यक सवारी साधनको प्रवन्ध गरिएको छ ।
- २०४६ साल देखिका उपलब्ध भएका व्यक्तिगत घटना दर्ताका दर्ता किताबलाई अनलाइन प्रणालीमा डिजिटाइज गर्ने प्रक्रिया थालनी भएको छ । साथै सामाजिक सुरक्षा भत्ता प्रभावकारी रुपमा बैंकमार्फत् वितरण गर्ने प्रणाली लागु गरिएको । व्यक्तिगत घटना दर्ता ११ वडाबाट भईरहेको र सबै वडाबाट अनलाइन प्रणालीमा जाने अन्तिम तयारीमा रहेको छ।
- वडा नं ४ मा गुप्तेश्वर धार्मिक पर्यटन प्रवर्द्धन केन्द्र निर्माणको लागि वृहत गुरुयोजना तयार गरि संघीय सरकारबाट बजेट बिनियोजन भई निर्माण कार्य थालनी गरिएको छ ।
- गरिबी निवारणका लागि लघु उधम बिकास कार्यक्रम (मेड्पा) अन्तर्गत आ.व. २०७८/७९ को स्वीकृत बजेट अनुसार ३ वटा वडामा कार्यक्रम संचालनमा रहेको छ। जसमा कुश्मा न.पा. १ पाङ्ग, कुश्मा न.पा. ४ कुश्मा, कुश्मा न.पा. १४ आर्थर रहेका छन् ।
- सुरक्षित नागरिक आवास अन्तर्गत १४३ जना घरपरिवारको खरको छाना विस्थापित गरी टिनको छाना प्रदान गर्ने कार्यक्रम सम्पन्न गरिएको छ ।
- मनसुनजन्य विपद प्रभावितहरुको लागि संघ, प्रदेश र हाम्रो संयुक्त प्रयासमा लागत साझेदारी गरि १४० बाढी तथा पहिरो पिडितहरु नागरिकहरुको आवास निर्माणमा प्रत्यक्ष सहयोग गरिएको छ ।

८. उल्लेखित उपलब्धीको जगमा भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन पछि मलाई कुश्मा नगरपालिकाका जनताले कुश्मा नगरको प्रमुखको रुपमा निर्वाचित गरि दोस्रो कार्यकाल सुरु भएको अवसरमा आम नगरबासीहरु समक्ष मेरो कार्यकालको सम्पूर्ण सफलता र खुसी साट्न चाहन्छु ।

९. यहाँका स्रोत र साधनको प्रभावकारी परिचालन गरि प्राप्त उपलब्धिको समतामूलक वितरण र वातारणमैत्री विकासमा केन्द्रित हुँदै स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित काम कर्तव्य र अधिकारको सीमा भित्र रही कार्य सम्पादन गर्ने, नगरपालिकाको वित्तीय अधिकार क्षेत्रका मार्गदर्शनहरुको अवलम्बन गर्ने एवम् योजना तर्जुमा तथा कार्यान्वयनलाई केन्द्रमा राखेर नेपालको संबिधानको धारा ६० बमोजिम नीति कार्यक्रम निर्माण गरि प्रस्तुतिको चरणमा रहेका छौं ।

१०. नगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय पक्ष, जलवायु परिवर्तन, लैंगिक तथा वर्गीय समावेशीतालाई विशेष ध्यान दिइनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्यलाई आत्मसात गर्दै सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ । दिगो शासन प्रवर्द्धनका लागि आवश्यक कानूनी प्रवन्धहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, दिग्दर्शन आदि) दिर्घकालिन, आवधिक र विषय क्षेत्रगत योजना, प्रोजेक्ट बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरिनेछ ।

- नगर विकास गुरुयोजनामा आधारित भई नगरको दिर्घकालीन विकासका लागि उपलब्ध स्रोत र साधनको परिचालन गर्ने र दिगो विकासका लक्ष्यहरुको आन्तरिकिकरण गरि **"समृद्ध सुन्दर कुश्मा नगर"** निर्माणका आधारभूत सूचकहरुको निर्माण मार्फत कुश्मा नगरलाइ अबको ५ बर्षमा उत्पादनमा आत्मनिर्भर, पूर्वाधारमा सम्पन्न र सामाजिक सुरक्षामा सर्वसुलभ र समतामूलक पंहुच सुनिश्चित गरि **"समुन्नत कुश्मा नगर, सम्मानित नगरबासी"** को दिगो सोच प्राप्त गर्ने विश्वास लिएको छु ।
- कुश्मा नगरवासीको जीवन पद्धतिमा अर्थपूर्ण परिवर्तन आउन सक्ने परियोजनाहरुलाई नगरपालिकाको विशेष महत्वका आयोजना मानिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

उल्लेखित **पृष्ठभूमिमा कुश्मा नगरपालिकाले आर्थिक वर्ष २०७९/८० को लागि निम्न बमोजिमका नीतिहरु अवलम्बन गर्नेछ** । अव म आर्थिक बर्ष २०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**(क) कृषि विकास, पशु विकास एवम सहकारी क्षेत्र**

११. **"आत्मनिर्भर कुश्मा नगर"** कार्यक्रमका लागि वृहत्तर योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१२. अर्गानिक उत्पादनलाई प्रोत्साहन, विशेष सहुलियत र अनुदानको व्यवस्था गरिनेछ ।

१३. १२ महिना सिंचाई सुविधा सहित, वैज्ञानिक सिंचाई प्रणालीको प्रयोग गरिनेछ ।

१४. **नगर प्रमुखसंग उधमशीलता** कार्यक्रम संचालन गरिनेछ । सो मार्फत कृषि, पशु र लघु उधम लाई एकीकृत कार्यक्रममा जोड्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने दीर्घकालीन नीति अबलम्बन गरिनेछ ।

१५. स्थानीय उत्पादनको प्रचार गरिनेछ, नगरपालिकाको केन्द्र भागमा एउटा व्यवस्थित हाटबजार निर्माण गरिनेछ । **एक वार्ड एक सुविधायुक्त भण्डारण एवम कृषि उपज संकलन केन्द्र** निर्माण गरिनेछ । कृषि उपजहरुको बजार पहुँचको लागि **कृषि एम्बुलेन्सको** व्यवस्था गरिनेछ ।

१६. मल तथा बिउ बिजनमा सहुलियत प्रदान गरिनेछ, कृषिको यान्त्रिकरण, बजारीकरण ,व्यवसायीकरण र विविधिकरण मार्फत् कृषिमा आत्मनिर्भर नगर निर्माण गरिनेछ, कृषिमा यान्त्रिकरणका लागी आवश्यकता अनुसार प्रतिघर प्रति १ मिनिटेलर ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने छ ।

१७. क्लस्टरमा आधारित मौरी घार तथा गोला वितरण कार्यक्रम सुरुवात गरिनेछ , एक वडा एक रैथाने बाली संरक्षण कार्यक्रम लागु गरिनेछ ।

१८. सामुहिक खेतीलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ कृषि उपकरण तथा मेसिनरीमा सहुलियत र अनुदान प्रदान गरिनेछ ।आकस्मिक बालि संरक्षण सेवालाइ निरन्तरता दिईनेछ ।

१९. वैज्ञानिक कृषि विमा लागु गर्न आवश्यक अध्ययन गरिनेछ ।

२०. वार्षिक रुपमा व्यवसायिक कृषि कार्यक्रम संचालन गर्ने उत्कृष्ट कृषकलाई उचित पुरस्कार तथा अनुदान प्रदान गरिनेछ ।

२१. कृषिजन्य वस्तुहरुको बजारीकरणको व्यवस्था सहित गहुँ, मकै, धान तथा तरकारीको उत्पादन बढाउन पकेट क्षेत्र विकासको घोषणा र बाली बिमा विस्तार गरिनेछ ।

२२. १४ वटै वडामा माटो परिक्षण शिविर संचालन गरिनेछ, माटोको उत्पादकत्व जोगाइ राख्न **कृषि चुन** वितरण कार्यक्रम संचालन गरिनेछ ।

२३. बाँझो जमिन संरक्षण एवम सदुयोगको लागि आवश्यक **Land Use Plan तथा जमिनको चक्लाबन्दी** एवम आवश्यक **कृषि स्वयंसेवक** परिचालन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

२४. सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । किसान क्लव गठन गर्न आवश्यक कार्यविधि ल्याइनेछ । नयाँ र वैज्ञानिक कृषि प्रविधि विषयमा राष्ट्रिय अन्तर्राष्ट्रिय तालिम, प्रशिक्षण र भ्रमणको व्यवस्था गरिनेछ ।

२५. व्यवसायिक रुपमा उन्नत जातका पशुपालन गर्ने किसानलाई राहात र अनुदानको कार्यक्रम संचालन गरिने छ ।

२६. डाले घाँस तथा भुई घाँसका वेर्ना तथा विउ वितरण गरि घाँसको पकेट क्षेत्रको रुपमा प्रबर्द्धनका लागि प्रोत्साहित गरिने छ ।

२७. पशु जन्य उत्पादनलाई बृद्धि गर्न मुख्य आधार उन्नत नश्लका पशु, कृत्रिम गर्भधान, सन्तुलित दाना र पोषिलो आहारा, बाह्रै महिना उत्पादन हुने सिजनल घाँस भएकोले सोको विउ र विरुवा निशुल्क उपलब्ध गराइने छ ।

२८. पशु पालनमा संलग्न विपन्न, अशक्त, गरीव परीवार, एकल महिलाहरुलाई छिटो आम्दानी दिने बाख्रा तथा कुखुरा पालन कार्यक्रममा अनुदान सहयोग दिईनेछ ।

२९. अनुदान वितरण पारदर्शी बनाइनेछ, कृषकको वास्तविक पहिचान गरि कृषक सहुलियत कार्यक्रम संचालन गरिनेछ । उन्नत जातका पाडा पाडी र वाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

३०. कुश्मा नगर अन्तर्गत संचालित सहकारीहरुको एकीकृत विवरण तयार गरि प्रोफाईल निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । आगामी वर्ष यसलाई अझ परिष्कृत र परिमार्जित गरी व्यवस्थित रुपमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. सहकारी संस्थाहरुलाई व्यवसायिक रुपमा मौरीपालन पेशामा सहभागी गराई अर्गानिक मह उत्पादनमा आत्मनिर्भर बनाउने तर्फ जोड दिइनेछ । नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई समय सापेक्ष तालिमको आयोजना गरी व्यवस्थित गराउने तर्फ जोड दिइनेछ ।

३२. सहकारी संस्थाहरुलाई कोपोमिस( COPOMIS) मा आवद्ध गराइनेछ ।सहकारी संस्थाहरुको व्यवसाय करमा समय अनुकुल परिमार्जन गरी थप व्यवस्थित बनाईनेछ ।

३३. नगर क्षेत्रभित्र सञ्चालित होमस्टेहरुको अनुगमन निरीक्षण मुल्यांकन र प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४. वडा नं २ मा कृषि सेवा केन्द्र स्थापना गर्ने तथा केरा पकेट क्षेत्र को रुपमा विकास गर्न आवश्यक कार्यक्रम आगाडी बढाइनेछ ।

३५. पाँच रोपनी भन्दा बढी जग्गामा व्यावसायिक खेती गर्ने कृषकलाई यान्त्रिक हलो निःशुल्क प्रदान गरिनेछ ।

३६. **कृषि, पशुपंक्षी तथा बाली बिमा** निःशुल्क तथा अनिवार्य गरिनेछ ।एक रोपनी भन्दा धेरै जग्गामा खेती गर्ने किसानहरुलाई आवश्यक विउ, बिजन एवं मलमा अनुदान प्रदान गरिने छ

३७. एकहजार भन्दा वढी कालिज, टर्की एवम् स्थानीय कुखुरा जस्ता प्रजातिका पंक्षीपालकहरुको व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीति बनाई आर्थिक तथा प्राविधिक सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**(ख) पूर्वाधार, निर्माण र आवास**

३८. संघीयताको कार्यान्वयन संगै स्थनीय तहहरुमा राजनीतिक, प्रशासनिक एवम वित्तीय सामर्थ्यको समान र सन्तुलित वितरण हुनुपर्ने आवश्यकता अपरिहार्य छ । प्रशासनिक एवम चालु खर्च बढ्दै जाने र पूजीगत तर्फको विनियोजन कम रहने परिपाटीले हाम्रा विकास र समृद्धिका अपेक्षा पुरा गर्न कठिनाई पर्ने देखिन्छ ।तसर्थ नगरपालिकाको आन्तरिक सक्षमता अभिबृद्धि गर्दै पुँजीगत तर्फको विनियोजनलाई प्राथमिकता दिने एवम खर्च क्षमता बढाउने र बढी भन्दा बढी उपलब्धी हासिल गर्ने दिशामा कुश्मा नगरपालिका प्रतिबद्ध रहेको छ ।

३९. नगरको गौरवको योजना अन्तर्गत **दमुवा खोला-पाङ-खुर्कोट-दुर्लुङ-अम्बोट** सडक, **दोबिल्ला-पकुवा-कारबारे-आर्थरडांडाखर्क-पन्चासे** सडक र **कुश्मा-कटुवाचौपारी-पिपलटारी-खौला-कार्कीनेटा** सडक कालोपत्रे कार्य क्रमश सम्पन्न गरिनेछ ।

४०. संघीय सरकार बाट आगामी आर्थिक वर्ष २०७९/०८० को लागि समपूरक अनुदानमा प्राप्त भएका योजनाहरु कुश्मा नगरपालिकाको वडा नं १ को खेलकुद मैदान निर्माण, वडा नं १० र १२ को थाउसे खोला गहतेपोखरा कार्कीनेटा सडक, वडा नं ९ को भिरमुनी रिमालचोक सडक एवम् विशेष

अनुदान तर्फ प्राप्त भएको वडा नं ७ को खरेहा ज्येष्ठ नागरिक केन्द्रको निर्माण र वडा नं ५ को गुप्तेश्वर पर्यटन प्रवर्द्धन केन्द्रलाई  प्राथामिकताका साथ अगाडि बढाइने छ ।

४१. त्यसैगरि गण्डकी प्रदेश सरकारबाट समपुरक अनुदानमा प्राप्त सिल्मिफाँट सिंचाई मुहान तथा ठाडो पहिरो संरक्षण कार्यक्रम, कुश्मा दुर्लुङ सडकको देउराली घुम्टी मेसिनरी वाल कार्यक्रम सम्पन गरिनेछ । **कुश्मा नगरपालिकाको समपूरक कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ ।**

४२. कुश्मा नगरपालिकाका १४ वटै वडा सम्म सरल र सहज पहुँच पुग्ने गरि सडक संजाल निर्माण गरि आन्तरिक अन्तरआबद्धता एवम दिगो शहर/बस्ति विकास गर्ने योजना अनुरुप वडा कार्यालय, बिद्यालय एवम स्वास्थ्य संस्था सम्म पुग्ने सम्पूर्ण सडकहरु क्रमश कालोपत्रे गरिनेछ ।

४३. सघन शहरी विकास कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिकाले चालु आ.व मा बिभिन्न योजनाहरु छनौट गरि आगामी आ.वमा

- **शहरी पूर्वाधार अन्तर्गत** मुख्य शहरी पूर्वाधार योजनाहरु सडक तथा नाला संजाल,
- **आय आर्जन सम्बन्धी पूर्वाधार योजनाहरु** बस पार्क, मिनी मार्केट, हाट बजार,
- **सामुदायिक पूर्वाधार योजनाहरु** हरियाली पार्क, पोखरी ताल संरक्षण तथा स्तरोन्नति एवम्
- **शहरी शासकीय पूर्वाधार** तथा वडा कार्यालयको भवन निर्माण लगायतका कार्यहरु क्रमश पुरा गरिनेछ ।

४४. नगर क्षेत्रभित्रका सडकहरुको विकास, विस्तार र स्तरोन्नती गर्न नगर स्तरीय यातायात व्यवस्थापन योजना(MTMP) लागु गरि सोहि बमोजिम सडकको निर्माण, विकास र विस्तार गरिनेछ ।

४५. **कुश्मा नगरपालिकाका महत्वपूर्ण स्थानहरुको एकीकृत शहरी विकासको अवधारणा अन्तर्गत कुश्मा नगरको चक्रपथ गुरुयोजना बनाई कार्यान्वियन गरिनेछ ।**

४६. कुश्मा नगरपालिकाको वडा नं ६ मा सुविधा सम्पन्न बहुउद्धेश्यीय बसपार्क एवम् सिटि हल निर्माणका लागि चालु आ.व मा बोलपत्र आह्वान भई कार्य सुरु भएकोमा आगामी आ.व मा संघीय सरकार एवम प्रदेश सरकार तथा नगर विकास कोष संग सहकार्य गरि कार्य सम्पन्न गरिनेछ।

४७. कुश्मा नगरपालिकाको गौरवको योजनाको रुपमा पर्यटन पूर्वाधार अन्तर्गत यहाँको संस्कृति र सभ्यताको प्रतिविम्बित हुने गरि कुश्मा नगरपालिकाको वडा नं ५ मा सुन्दर र आकर्षक **"कुश्मा घण्टाघर"** को निर्माण कार्य चालु आ.व मा सुरुवात भइ कार्य प्रारम्भ भैसकेको छ । आगामी आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न गरिनेछ ।

४८. कुश्माको वृहत्तर विकासमा टेवा पुर्‍याउने  सेतुका रुपमा रहेका कुश्मा-बलेवा र कुश्मा-झादी मोटरेवल पुल निर्माणका लागि पहल गरिने छ । कुश्मा नगरपालिकालाई पर्यटकहरुको एक आकर्षक केन्द्र र धौलागिरीको प्रमुख व्यापारिक केन्द्रका रुपमा विकास गर्ने गरि विशेष कार्यक्रम संचालन गरिनेछ । कुश्मा शहरी चक्रपथको निर्माण कार्यलाई आवश्यक अध्ययन एवम अनुसन्धान गरि यथाशिघ्र आवश्यक कदम अगाडी बढाइने छ ।

४९. प्रत्येक वडामा व्यवस्थित, सफा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।आवश्यक स्थानमा सार्वजनिक खानेपानी धाराको निर्माण गरिनेछ । प्रत्येक घरमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ । एक घर एक धाराको अभियानलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

५०. प्रत्येक सार्वजनिक पूर्वाधार निर्माण गर्दा कलात्मकता, पर्यावरण र आधुनिक प्रविधिमा जोड दिईनेछ ।

५१. सधै खुल्ला रहने गरि सुरक्षित र व्यवस्थित मनोरञ्जन केन्द्रको स्थापना गरिनेछ । सहरी क्षेत्रमा खुल्ला क्षेत्र एवम् व्यवस्थित पार्क तथा व्यायाम स्थल निर्माण गरिनेछ ।

५२. पर्यटकीय सम्भावनाहरुको उचित विकास पहिचान र प्रवर्द्धनका लागि छोटो दुरीको हाईकिङ ट्रेल (पदमार्ग) विकास एवम विस्तार गरिनेछ ।

५३. कुश्मा-झाप्रेबगर-कटुवाचौपारी बाटो स्तरोन्नतिका लागि संघ सरकार एवम् प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

५४. दोबिल्ला पुलको मर्मत सम्भार गरि संचालन गर्न संघ एवम प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।

५५. कुश्मा नगरपालिका बजार क्षेत्रभित्रका सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई आगामी आ.व.मा निरन्तरता दिई सम्पन्न गरिनेछ ।

५६. विभिन्न खोला तथा नदिमा झुलुङ्गे पुल एवम कल्भर्ट निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

५७. संघ तथा प्रदेश सरकारबाट प्राप्त खानेपानी आयोजनाहरुका लागि आवश्यक सहजिकरण गरिनेछ ।

५८. बिभिन्न पर्यटकीय स्थलहरु सम्म पुग्ने बाटोको दुवै तर्फ स्थानीय मौलिक उत्पादन तथा पहिचानको प्रबर्द्धन गर्ने उद्देश्यले मौलिक सामग्री र उत्पादन सहितको खुद्रा व्यवसाय, कफी सप, एवम बस्न लायक संरचना निर्माण गरिनेछ ।

५९. सार्वजनिक सडक कलाकृति आदिको संयोजनबाट सडकलाइ जीवन्त र क्रियाशील बनाइनेछ । सडकपेटी र फुटपाथको व्यवस्थापन मार्फत सहरी क्षेत्रको बजार व्यवस्थापनमा जोड दिइनेछ ।

६०. नगर भित्रका सिचाई कुलोहरुलाई ढलान गरिनेछ ।

६१. विद्युतका काठे पोलहरुलाई विस्थापित गरि फलामे पोल राखिनेछ । शहरी योजना अनुसार उपयुक्त वृक्षहरुको पहिचान गरि आवश्यक सडकको दुवै किनारामा वृक्षारोपण गरिनेछ ।

६२. वडा नं ८ मा निर्माण कार्य प्रारम्भ भइरहेको पर्यटकीय एवम् संस्कृतिक महत्वको विष्णुबाटिका एवम वडा नं ७ को ओम पार्क, वडा नं ४ को नेपाल पार्क निर्माण सम्पनको लागि प्रदेश र संघ सरकारसंग आवश्यक समन्वय गरिनेछ । अमृत स्मृति पार्कलाई स्मार्ट पार्कको रुपमा विकास गर्न पहल गरिनेछ ।

६३. कुश्मा नगरपालिकाका महत्वपूर्ण पर्यटकीय स्थल सम्म पुग्न सहजताका लागि पर्यावरण र वातावरण अनुकुलित छोटो दुरीका सवारी साधनहरु जस्तै टेम्पो, रिक्सा संचालन  गर्न आवश्यक अनुदान एवम प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

६४. संघ सरकारको सहकार्य तथा साझेदारीमा भइरहेको कुश्मा नगरपालिका बजार क्षेत्रभित्रका सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई आगामी आ.व.मा निरन्तरता दिई सम्पन्न गरिनेछ ।

६५. कुश्मा-कैया-बलेवा बाटोको स्तरोन्नतिको लागि आवश्यक पहल गरिनेछ । चुवा रिङरोड, साविक शिवालय रिङ रोड एवम अन्य शाखा सडकहरुको आवश्यकता बमोजिम स्तरोन्नति संगै कालोपत्रे गरिनेछ ।

६६. विभिन्न खोला तथा नदिमा झुलुङ्गे पुल निर्माण कार्य अगाडी बढाईनेछ ।

६७. वडा नं १० मा रहेको आमडाडा- सिमखेत-सालघारी खानेपानी आयोजना, वडा नं ११ मा रहेको पिपलटारी लिफ्ट खानेपानी आयोजना, वडा नं ११ मा रहेको जहरेखोला सिल्मी लिफ्ट खानेपानी आयोजना, वडा नं ३ खानेपानी आयोजना, वडा नं ९ र १० मा रहेको कटुवाचौपारी गुणस्तर खानेपानी आयोजना मर्मत सम्भार, वडा नं ३ मा रहेको सल्यान लिफ्ट खानेपानी आयोजना, बृहत कुश्मा खानेपानी आयोजना लगायात अन्य खानेपानी आयोजनाहरु अगाडी बढाईनुको साथै संघ तथा प्रदेश सरकारबाट प्राप्त खानेपानी आयोजनाहरुका लागि आवश्यक सहजिकरण गरिनेछ ।

६८. नगरपालिकाबाट नक्सा पास, स्वीकृती प्राप्त भवनहरूको थप तथ्याङ्क जस्तैः विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन संरचनाको प्रस्तावित प्रयोग आदिलाई अद्यावधिक गरिनेछ । भवन अनुमति नभएको संरचनाहरूको हकमा नक्सा नियमित र अभिलेखीकरणका लागि तथ्याङ्क संकलन गरिनेछ । नगरपालिको भवन अनुमति प्रणालीलाई वैज्ञानिक तथा डिजिटल बनाउन आवश्यक पहल गरिनेछ ।

६९. कुश्मा नगरपालिका वडा नं १ र २ तल्लाचौर मरेपिपल बाह्रबिसे कालिमाटी हुदै वडा नं २ जोड्ने सडक निर्माण कार्य अगाडी बढाईनेछ । जमलधारी आहालडाँडा दुर्लुङ सडक निर्माण गरिनेछ ।

७०. वडा नं ९ मा रहेको अग्लो पुल देखि छापा गरो देउतिखेतसम्म सडक स्तरोन्नति कार्य, कटुवाचौपारी ज्येष्ठ नागरिक समाजघर निर्माण कार्य सम्पन्न गरिनेछ ।

७१. झोलुंगे पुल निर्माण तथा सडक बोर्ड मार्फत निर्माण गरिने सडकका लागि समपुरक कोष अन्तर्गत आवश्यक बजेट विनियोजन गरिनेछ ।

७२. वडा नं ३ मा रहेको गौडामुनि, पानी ट्यांकी दुराली सौनेपानी थुमझोलुंगे टाडे विसौना सडक स्तरोन्नति कार्य अगाडी बढाईनेछ ।

७३. न्युन आय र गरिब परिवारलाई लक्षित गरि सस्तो आवास निर्माणमा सहयोग गरिनेछ ।

७४. अवस्थिति, सुविधा र उपयोगको आधारमा प्रति वर्ग फीट घरभाडा निर्धारण गरि उधोग वाणिज्य संघको सहकार्य गरि करको दयारामा ल्याईनेछ ।आवासहरु निर्माण गर्दा आवश्यक विषय विज्ञको परामर्श अनिवार्य गरिनेछ ।

७५. नेपालीपन झल्किने वा उच्च कलात्मक ज्ञान र शैलीमा निर्मित आवासलाई करमा विशेष छुट दिईनेछ । परामर्शदाताको सिफारिसमा आवश्यक रंगरोगन अनिवार्य गर्ने प्रावधान अबलम्बन गरिनेछ ।

७६. जेष्ठ नागरिक आश्रम एवम सेवा केन्द्र स्थापना तथा स्वास्थ्य उपचारको लागि आवश्यक पहल गरिनेछ ।

७७. व्यवस्थित र आधुनिक बधशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

७८. ठुला पूर्वाधारको हकमा उपभोक्ता समितिबाट कार्य संचालन गर्नुपर्ने भएमा जटिल प्रकृतीका कार्यहरु कार्यालयको पूर्ण दायित्वबाट संचालन गरि उपभोक्ता समिति मार्फत हुन सक्ने कामकाजमा मात्र श्रमदान समावेश गर्ने नीति लिइनेछ ।

७९. ठुला पूर्वाधारका योजनाहरुको पुर्व सम्भाव्यताहरु अध्ययन गरि आयोजनाहरु अगाडी बढाइनेछ।

८०. यस नगरपालिका अन्तर्गत नगर तथा अन्य कार्यालयबाट संचालन हुने पूर्वाधारका आयोजना संचालन गर्दा उक्त योजनाबाट क्षति पुग्ने खानेपानी सिंचाई तथा अति आवश्यक गोरेटो बाटो लागायतका संरचनाहरुलाई विशेष प्राथमिकतामा राखी पुनः निर्माण गरिनेछ ।

**(ग) शिक्षा, सिप विकास, युवा र खेलकुद**

८१. जीवनोपयोगी, आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिनेछ।

८२. कुश्मा नगरका सबै सामुदायीक विद्यालयमा प्रत्येक ६ महिनामा स्वास्थ्य परिक्षण र आधारभुत उपचारको व्यवस्था गरिनेछ ।

८३. विद्यालयस्तरमा नैतिक शिक्षा कक्षा एवम र संस्कृत विषय संचालन गर्न आवश्यक नीति अबलम्बन गरिनेछ ।

८४. एक वार्ड एक लाइब्रेरी स्थापना गरिनेछ ।

८५. नगरमा एक व्यवस्थित र सुविधा सम्पन्न अनुसन्धान तथा विकास केन्द्रको (Research Center) स्थापना गरिनेछ ।

८६. सिकाईमैत्री कक्षाकोठा र विद्यालय संरचना, न्यूनतम मापदण्ड निर्माणमा जोड दिइनेछ ।

८७. विद्यालयमा अध्ययनरत छात्रा महिनावारी हुँदा अनुपस्थित रहने अवस्था हटाउन घर परिवार र छात्रालाई विशेष जनचेतना कार्यक्रम ल्याइनेछ भने छात्राहरुलाई प्रोत्साहन गर्न एवम् बिद्यालयमा नियमितता बढाउनको लागि स्यानीटरी प्याड वितरण गर्ने कार्यक्रमलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ।

८८. हरेक सामुदायिक क्याम्पसका हरेक संकायमा कम्तिमा एक जना उपप्राध्यापकको व्यवस्थापन गरिनेछ ।वडा नं १० को पूर्णेश्वर मा.वि, वडा नं ११ को विश्व ज्योति मा.वि एवम विरेन्द्र मा.वि मा सञ्चालित प्राविधिक शिक्षा अन्य प्राविधिक एवं अनुसन्धानमुलक शिक्षामा क्रियाशिल शैक्षिक संस्थानहरुलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

८९. कुश्मा नगरपालिका अन्तर्गत रहेका बिभिन्न क्याम्पसहरुलाई प्रोत्साहन स्वरुप थप सहुलियत प्रदान गरिनेछ ।

९०. सवै विद्यालयमा ईमेल, इन्टरनेट तथा विद्युतिय हाँजिरी जडान गरी विद्यालयलाई सूचना प्रविधिमैत्री गराइनेछ। अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरुलाई क्रमश माथिल्लो कक्षामा

विस्तार गर्ने नीति लिइनेछ। साथै नगरपालिका भित्र सञ्चालित प्राविधिक शिक्षालय र अब सञ्चालन हुने प्राविधिक शिक्षालयलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

९१. नीजि क्षेत्रलाई रोजगारमुखी प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गरिनेछ ।

९२. दरबन्दी मिलान कार्यक्रमलाई निरन्तरता दिईनेछ । निवृतिभरण पाउने अवस्था भएका र निश्चित उमेर पुगेका प्रथामिक तहका शिक्षकको लागी अवकाश प्रोत्साहन योजना ल्याइनेछ ।

९३. प्रत्येक बर्ष सामुदायिक विद्यालयका एक शिक्षक र शिक्षिकालाइ **उत्कृष्ट बर्ष शिक्षक** घोषणा गरि सम्मान गर्ने कार्य आगामी आर्थिक बर्षबाट लागु गरिनेछ ।

९४. S.E.E मा कुश्मा नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयको तर्फबाट उत्कृष्ट अंक (A+) प्राप्त गर्ने विद्यार्थीहरुलाई १२ कक्षा सम्मको अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्न **नगर प्रमुख संग विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम** अन्तर्गत मासिक रु २५०० प्रदान गरिनेछ ।

९५. बिद्यार्थीहरुलाई विद्यालयमा नियमित रुपमा उपस्थित गराउन, पठनपाठनमा निरन्तर अभिप्रेरित गर्न र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालबिकास कक्षा देखि कक्षा ६ सम्मका सवै सामुदायिक बिद्यालयका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था मिलाइनेछ ।

९६. प्रध्यानाध्यापकलाइ प्रोत्साहन रकम थप गरिनेछ। प्रधानाध्यापकको नेतृत्व तथा प्रशासनिक क्षमता विकास तालिम, विद्यालय लेखापाल क्षमता विकास तालिम/कार्यशाला सञ्चालन गरिनेछ।

९७. शिक्षासंग सम्बन्धित राष्ट्रिय अन्तराष्ट्रिय दिवस समारोहमा प्रतियोगिता सञ्चालन र व्यवस्थापन र शैक्षिक क्यालेण्डर बमोजिम अतिरीक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

९८. माद्यामिक विद्यालयमा स्मार्ट वोर्ड, बायोमेट्रिक हाजिरी र प्रोजेक्टरमा आधारित सिकाई तथा प्रत्येक आधारभूत विद्यालयहरुमा कम्तिमा एक कम्प्युटर एक प्रिन्टर सहितको सिकाइमा जोड दिइनेछ ।

९९. विद्यालय तहमा मुल्याङ्कन प्रणालिमा एकरुपता गराउदै उत्कृष्ट विद्यालयलाई पुरस्कार दिइनेछ । विद्यालयमा गणित विज्ञान शैक्षिक प्रदर्शनी तथा शैक्षिक मेलाको माध्यमवाट विद्यार्थीको क्षमता मापन गर्ने व्यवस्था गरिनेछ ।

१००. प्रारम्भिक बालविकास केन्द्र, विद्यालय कर्मचारी र सहयोगीको तलब भत्तामा विगत बर्षमा दिइदै आएको थप रकमलाई निरन्तरता दिइनेछ ।

१०१. स्काउटको उदेश्य अनुरुप युवा र बालबालिकालाई स्काउटिङ सम्बन्धी बिभिन्न गतिविधिहरुमा सरिक गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१०२. **बालबालिका संग नगर प्रमुख** कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१०३. हरित विद्यालयको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै विद्यालयमा शुद्ध पिउने पानी र उपयुक्त शौचालयको व्यवस्था गरिनेछ ।

१०४. माध्यमिक विद्यालयमा गणित ल्याब निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०५. सम्पूर्ण सामूदायिक विद्यालयहरुमा लेखा प्रणाली व्यवस्थापनका लागि अनलाइन वेब बेसमा आधारित लेखा व्यवस्थापन प्रणाली संचालनमा ल्याइनेछ ।

१०६. विभिन्न वार्ड र नगर स्तरीय पुरुष एवं महिला सपोर्टस् क्लब गठन गरिनेछ ।

१०७. वडा नं १ मा निर्माण गर्न सुरु गरिएको क्रिकेट रंगशाला यस कार्यकालमा सम्पन्न गरि स्थानिय, क्षेत्रिय एवं राष्ट्रिय खेलकुद आयोजना गर्दै समग्र खेलकुद क्षेत्रको बृहत्तर प्रर्वद्धन गरिनेछ ।प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ ।

१०८.वडा नं ५ को बडागाउँमा सुबिधा सम्पन्न आधुनिक मापदण्ड सहितको रंगशाला निर्माण गरिनेछ ।

१०९.प्रत्येक वर्ष विभिन्न प्रतिस्पर्धामा नगरपालिका भित्र राष्ट्रपति रनिङ सिल्ड, मेयर कप जस्ता खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।

११०.बालबालिका र युवाहरुलाई लक्षित गरि खेलकुद प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ ।वडा स्तरमा स-साना खेल मैदान निर्माण गरि आवश्यक खेलकुद सामग्रीको प्रबन्ध गरिनेछ ।

**(घ) स्वास्थ्य, सरसफाई र खानेपानी**

१११.१४ वटै वडामा सर्वसुलभ एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

११२. कुश्मा नगरपालिकाको सम्पूर्ण वडामा नसर्ने रोग हृदयघात डायविटिज क्यान्सर जस्ता घातक रोगहरुको न्युनिकरणका लागि नियमित परीक्षण, परामर्स तथा उपचार सेवा स्वास्थ्य संस्थाहरुबाट संचालन गरिनेछ ।

११३. विशेषज्ञ सहितको नियमित स्वास्थ्य शिविर एवम घुम्ती शिविर कार्यक्रम संचालन गरिनेछ ।

११४. स्वास्थ्य सेवालाई विपन्न तथा सिमान्तकृत वर्गको पहुँचमा पुर्याउनका लागि प्राथमिक स्वास्थ्य सेवाको पहुँच कम्तीमा पनि ३० मिनेटको दुरीमा पुर्याउने नेपाल सरकारको लक्ष्य अनुरुप अत्यावश्यक स्थानहरुमा आधारभुत शहरी स्वास्थ्य स्वास्थ्य केन्द्र तथा शहरी स्वास्थ्य इकाई स्थापना गरि सेवाको पहुँचमा वृद्धि गरिनेछ ।

११५. एक वार्ड एक योग केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।

११६. नगरमा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना गरिनेछ ।बर्थिङ सेन्टर संचालन गर्न आवश्यक पहल गरिनेछ ।

११७. आर्थिक अवस्था कमजोर भएका जटिलरोगका विरामीलाई अबस्था हेरेर उपचार गर्न बढीमा ५० हजार उपलव्ध गराईनेछ ।

११८. नेपाल सरकारले हाल १२ कडा रोगहरुलाई उपचार सहायता उपलव्ध गराउदै आएकोमा यो कार्यक्रम थप रोगहरुका हकमा पनि लागुहुने व्यवस्था गरिनेछ ।

११९. कुश्मा नगरपालिका वडा नं १२ मा निर्माणाधीन कुश्मा नगर अस्पतालको निर्माण कार्य यस आर्थिक बर्षमा सम्पन्न गरिनेछ । निशुल्क रुपमा उपलब्ध भइरहेको वाथ मुटुरोग र मृगौला प्रत्यारोपणलाई थप सहज बनाईनेछ ।

१२०. आगामी आ.व को सुरुवातमै वडा नं २ र १४ मा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ । अन्य वडामा पनि आवश्यकता बमोजिम संघ र प्रदेश सरकार संग सहकार्य गरि आवश्यक स्वास्थ्य संस्था निर्माण गरि आवश्यक स्वास्थ्य सामग्री एवम जनशक्ति थप गरिनेछ ।

१२१. पर्वत अस्पतालमा उपलव्ध निशुल्क डाईलसिस सेवालाई थप व्यवस्थित वनाईनेछ । पर्वत जिल्ला अस्पतालमा बिशेषज्ञ सेवा उपलब्ध गराउन आवश्यक सहजीकरण गरिनेछ ।

१२२. कुश्मा नगर भित्रका प्रत्येक नागरिकको स्वास्थ्य विमा सुनिश्चित गर्ने गरि कार्यक्रम संचालन गरिनेछ ।

१२३. सवैका लागी स्वास्थ्यकर खानेपानी सुनिश्चित गर्न सवै मानव वस्तिहरुमा सुरक्षित खानेपानी पुर्‍याइनेछ ।

१२४. वडा नं १,२, १०,११ र १४ मा संचालित एक घर एक धारा कार्य सम्पन्न गरि अन्य वडाहरुमा पनि विस्तार गरिने छ र सवै वडामा एकघर एकधारा निर्माण अभियान सम्पन्न गरिनेछ । वडा नं ८ मा मोदी जहरे लिफ्ट खानेपानी तथा वडा नं १२ ठुलीपोखरी र वडा नं १३ खौला तथा वडा नं १ पाङमा लिफ्ट खानेपानीको व्यवस्था गरि आवश्यक शुद्द पिउने पानीको सुनिश्चित गरिनेछ ।

१२५. कुश्मा नगरपालिकाको खानेपानी व्यवस्थापनको लागि आवश्यक स्थानमा डिप वोरिङ्गको लागि आवश्यक पहल गरिनेछ ।

१२६. सुत्केरी आमा पोषिलो खाना भन्ने नाराका साथ वडा कार्यालय मार्फत सुत्केरीलाई २ हजार बराबरको पोषण सामाग्री उपलव्ध गराईनेछ । **"गर्भवती एवम सुत्केरी संग उप-प्रमुख भेटघाट"** कार्यक्रम संचालन गरिनेछ ।

**(ङ) पर्यटन, लघु उद्धम र वित्त**

१२७. कुश्मा नगरपालिकामा सुविधा सम्पन्न आधुनिक एवं सूचना प्रविधिमैत्री पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।

१२८. पवित्र कालीगण्डकी र मोदी नदीको संगममा रहेको यस कुश्मा नगरको संस्कृति, सभ्यता र पहिचानको संरक्षण गर्न यहाँका प्राकृतिक एवम पर्यावरणीय महत्वका सम्पदाहरुको संरक्षण र प्रबर्द्धनका लागि आवश्यक कार्यक्रम ल्याइनेछ । अमुल्य शालिग्राम शिला रहेको कालिगण्डकी नदीको संरक्षणका लागि सरोकारवाला संघ संस्था एवम अभियन्ताहरु संग आवश्यक परामर्श गरि दीर्घकालीन रणनीति अबलम्बन गरिनेछ ।

१२९. होमस्टे कार्यक्रमका लागि सम्भाव्यता अध्ययन गरी मापदण्ड निर्माण गर्ने, होमस्टे प्रोत्साहन गर्ने तथा होमस्टेमा आधुनिक शौचालय निर्माण गरिनेछ ।

१३०. स्थानीय पर्यटन क्षेत्रको विवरण र सुविधा सहितको प्रचार सामाग्री निर्माण गरिनेछ, **Geo–Location सहितको Digital Map** निर्माण गर्ने तथा नगरको सम्पूर्ण पर्यटकीय स्थलको जानकारी समावेश गरी नगरका महत्वपूर्ण स्थानमा **Digital र Manual Map** हरु राखि नगरको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रचार– प्रसारका सामग्री निर्माण गरिनेछ ।

१३१. कुश्मा कला परियोजनाको अबधारणालाई थप मौलिक, सुविधा सम्पन्न र आधुनिक बनाउन सहकार्य गर्दै यस मार्फत यहाँको विशिष्ट पहिचान, लोप हुन लागेका संस्कृति र कलाको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

१३२. स्थानीय साँस्कृतिक वा प्राकृतिक सम्पदाको संरक्षण र प्रबर्द्धन गरी उत्कृष्ट पुर्वाधार निर्माण गर्दै पर्यटन क्षेत्रको विकास गरिनेछ ।

१३३. यहाँको साहित्य, मौलिकता, सिर्जना र पहिचानको संरक्षणका लागि प्रभावकारी कार्ययोजना तय गर्दै यस क्षेत्रमा क्रियाशिल तथा समाजका विशिष्ट प्रतिभाहरुलाई सम्मान एवंम प्रोत्साहनका कार्यक्रम सुरुवात गरिनेछ ।

१३४. वडा नं १२ मा फन पार्क (**Fun Park**) निर्माण गरिनेछ । सामुदायिक वन संग सहकार्य गरि महत्वपूर्ण स्थानमा पर्यावरण र वातावरण अनुकुल हुने गरि पर्यटन पार्क निर्माण गरिनेछ ।

१३५. ज्ञादीकोट, खौलाकोट एवम वडा नं १३ को जुम्लिथानलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ । वडा नं १४ को आर्थरमा रहेको पञ्चासे र भन्ज्याङलाई पर्यटकीय हव बनाउन आवश्यक कार्यक्रम ल्याइनेछ ।

१३६. प्रसिद्ध पञ्चासे क्षेत्रको विकासका लागि आर्थर-खौला-ठूलीपोखरी-पिपलटारी-कटुवाचौपारी र कुश्मा पर्यटन सडकका रुपमा विकास गरिने छ । साथै यस क्षेत्रको पर्यटन चक्रपथ गुरुयोजना बनाई कार्यान्वयन गरिने छ । गुसेश्वर गुफा, अलपेश्वर गुफा, लालेश्वर गुफा, भुवनेश्वरी गुफा, पार्वती गुफा, पाङ १ को प्रसिद्ध सहश्रधारा, मोदिवेणीधाम लगायतका धार्मिक तथा ऐतिहासिक महत्वका सम्पदाहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा पहिचान वृद्धि गर्न आवश्यक व्यवस्थापन र निर्माणको पहल गरिनेछ ।

१३७. नगर क्षेत्र भित्र रहेका दुर्लुङकोट लगायत सवै कोटहरु र पंचासेको लेक लगायतका रमणीय पहाडी श्रृङ्खलाहरुको अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको आवासीय सुविधाका लागि आर्थर, दुर्लुङ, खौला र ठूलीपोखरीमा होमस्टेको संचालन र प्रवर्द्धनमा जोड दिइनेछ । कुश्मा नगर क्षेत्र भित्र रहेका विभिन्न चर्च, गुम्बा मन्दिर, मस्जिद, **गुम्बा, मदरसा जस्ता सांस्कृतिक महत्वका धरोहरहरुको संरक्षण गर्न आवश्यक पहल गरिनेछ । गुसेश्वर बेद बेदाङ्ग पाठशालालाई संरक्षण गरिनेछ ।**

१३८. वडा नं १ पाङ धैरेनी सामुदायीक वनमा चिडियाघर निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१३९. आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरि सुविधा सम्पन्न होटेल, लज, रिसोर्ट निर्माण गर्न लगानीकर्तालाई आकर्षित गर्न विशेष छुट व्यवस्था वा सहुलियत व्यवस्था गरिनेछ ।नगरभित्र संचालित बन्जी, जिपलाईन, यान्त्रिक पुल लगायतका साहसिक पर्यटन व्यवसायलाई करको दायारामा समावेश गरिनेछ ।

१४०. पर्यटकलाई लक्षित गरी पैदल मार्ग, हाइकिंग ट्रेल निर्माण गरी सुरक्षित एवम् सुविधा सम्पन्न पर्यटकीय गन्तव्यको पहिचान र प्रसार गरिनेछ ।

१४१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालन गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मोडल बमोजिम सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सीप विकास तालिम, लघुवित्तमा पहुँच, प्रविधिमा सहयोग, बजारीकरणमा सहयोग

तथा व्यवसायिक परामर्श जस्ता उद्यम विकास सम्बन्धी सेवाहरुलाइ एकीकृत रुपमा प्रदान गरिनेछ ।

१४२. विदेशिएका युवाहरुलाइ स्थानीयस्तरमा स्वरोजगार सृजना गर्नको लागि उद्यमशिलता तालिम संचालन गरी एक घर एक उद्यम कार्यक्रम संचालन गरिनेछ ।

१४३. पुराना र वास्तविक उद्यमी पहिचान गरि स्तरोन्नति मार्फत आ.ब २०७९/८० मा उत्पादन र प्रबर्द्धनमुखी उद्यमीहरु तयार पारिनेछ ।

१४४. लघु उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बजारिकरण तथा प्रबर्द्धन जोड दिइनेछ साथै सौगात कोसेली घरको अवधारणालाइ कार्यान्वयन तथा संचालनमा ल्याउनको लागि विशेष पहल गरिनेछ ।

१४५. कृषिमा आधारित उद्योगलाइ विशेष सहुलियत र अनुदानको व्यवस्था मिलाइनेछ ।

१४६. ठुला उद्योग र कलकारखाना स्थापनाका लागि सम्भाव्यताको अध्ययन र लगानी आकार्षित गर्ने कार्यक्रम ल्याइनेछ ।

१४७. जडीबुटी उद्योग स्थापनाका लागि वातावरण निर्माण गरि लगानी आकर्षित गरिनेछ ।

१४८. स्थानीय उत्पादनलाई बजारसम्म जोड्न विशेष व्यवस्था र संयन्त्र निर्माण गरिनेछ ।

१४९. युवा उद्धमीलाई ५ लाख सम्मको ब्याज अनुदान कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**(च) सार्वजनिक प्रशासन, संस्थागत विकास, सुशासन र अन्तरसम्बन्ध**

१५०. कुश्मा नगरपालिकाको सुविधा सम्पन्न आधुनिक प्रशासकीय भवन निर्माण गर्न आगामी आ.व मा बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि भवन निर्माण कार्य अगाडी बढाइने र सो मार्फत प्रविधिमैत्री, व्यावसायिक र प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गरिनेछ।

१५१. कुश्माका निर्माण हुन बाँकी वडा कार्यालयको सुविधा सम्पन्न आधुनिक भवनको निर्माण गरिनेछ, वडा कार्यालयमा पूर्णतया विद्युतीय शासन कायम गरिनेछ ।

१५२. अघिल्लो कार्यकालमा सुरुवात गरिएको नगरको **Municipal Digital Portal** को काम यो कार्यकालमा सम्पन्न गरी नगरको **Integrated Digitized Database** निर्माण गरी नगरपालिकाबाट प्रदान गरिने अधिकांश सेवाहरु Online मार्फत् प्रवाह गरिनेछ ।

१५३. आम जनताका अत्यावश्यक प्रशासनिक कार्यहरुमा एकद्वार प्रणालीको अवधारणा अवलम्बन गरिनेछ ।

१५४. भ्रष्टाचारप्रति शुन्य सहनशीलता अवलम्बन गरिनेछ ।

१५५. पूर्ण **ICT** युक्त **Digital and Smart Municipality** को खाका तय गरी कार्यान्वयन गरिनेछ ।

१५६. कुश्मा नगरपालिकाको सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा डिजिटल हाजिरीको व्यवस्था गरी सो नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । नगरपालिकाबाट हुने पत्र व्यवहारलाई इमेलमार्फत गर्न प्रोत्साहन गरिनेछ । साथै, नगरपालिकाको आन्तरिक कार्यप्रणाली र सेवा प्रवाहलाई अटोमेशन गर्ने प्रक्रिया आरम्भ गरिनेछ

१५७. संस्थागत क्षमता र प्रशासनिक कार्यसम्पादनलाई जवाफदेही, जनमुखी र पारदर्शी बनाउन नगरपालिकाको बृहत नगर पोर्टल, वेव-साइट, मोबाइल एप्लिकेसन एवम् अन्य सफ्टवेयरहरुको प्रयोग तथा सामजिक संजालहरुको उपयोग अझै बृहत, सहज र प्रभावकारी बनाइनेछ ।

१५८. सार्वजनिक सहभागितामा आधारित नीति र कार्यक्रम निर्माण प्रक्रिया पूर्णतया कार्यान्वयन गरिनेछ ।सार्वजनिक जग्गाहरुको पहिचान एवम अभिलेखीकरण गर्दै जग्गा प्रशासनलाई व्यवस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।

१५९. उजुरी र सुझावको सम्बोधन गर्न द्रुत मार्ग निर्माण गरिनेछ । ४८ घन्टाभित्र अनिवार्य सुनुवाईको व्यवस्था गरिनेछ ।

१६०. करका दरहरु समयसापेक्ष समायोजन गर्दै दायारा अभिवृद्धि गर्ने एवम् आधुनिक र Digital कर प्रशासनको विकास गरि करमैत्री कुश्मा नगर स्थापना गरिनेछ ।

१६१. कर्मचारीहरुको मनोबल उच्च बनाई कार्य क्षेत्रमा उत्प्रेरित गर्न वृत्ति विकास, क्षमता अभिवृद्धि लगायत तालिम गोष्ठी, अवलोकन भ्रमण लगायतका प्रोत्साहनका कार्यक्रमहरु संचालन गरी उच्च व्यवसायिक प्रशासनिक संयन्त्र निर्माण मार्फत् सुशासन प्रबर्द्धन गरिनेछ। नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ ।

१६२. नेपालको संविधान र संघीयताको मर्म अनुरुप संघ, प्रदेश र स्थानीय तहहरु विच सार्वजनिक सेवा प्रवाह, विकास व्यवस्थापन र अन्य नियमित एवम आकस्मिक सेवाका सन्दर्भमा आवश्यकता बमोजिम सहकार्य र समन्वयको नीति लिइनेछ ।

१६३. सार्वजनिक सुशासनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परिक्षण एवम तेस्रो पक्ष मूल्यांकन जस्ता कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१६४. संघ सरकारको अनुमतिमा अन्तर्राष्ट्रिय संघ संस्था र नेपाल एवम विश्वका उत्कृष्ट नगरपालिकाका असल अभ्यास र अनुकरणीय कार्यहरुको अनुसरण गर्न आवश्यक अध्ययन एवम् भ्रमण साथै त्यस्ता संघ संस्था र नगरपालिकासंग भगिनी सम्बन्ध कायम गर्न आवश्यक नीति अबलम्बन गरिनेछ ।

१६५. कुश्मा नगरपालिकाका नव निर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकास, एवम् सम्पूर्ण शाखाका कर्मचारीहरुलाई सम्बन्धित शाखाको आवश्यकता बमोजिम तालिम एवम् सेमिनारहरु आयोजना गरि संस्थागत सुशासनमा जोड दिइनेछ ।

१६६. सूचना प्रविधि सम्बन्धी तालिमहरु संचालन गरि बिभिन्न विधामा क्षमतावान र जागरुक बनाई मनोबल र उत्प्रेरणामा अभिवृद्धि गरिनेछ ।

**(छ) आन्तरिक लेखापरिक्षण र वित्तीय अनुशासन**

१६७. आर्थिक बर्षको अन्तमा पेश्कि बेरुजु कायम नरहने गरी र कुल खर्चको ३.५ प्रतिशत भन्दा कम बेरुजु हुने गरी कारोबार गर्न जोड दिइनेछ ।

१६८. गत बर्षहरुको नियमित गर्नुपर्ने र प्रमाण पुरा गर्नुपर्ने बेरुजु ९० प्रतिशत भन्दा बढी फछ्यौंट गर्ने, पेश्कि बेरुजु फछ्यौंट गर्ने र शुन्य बनाउने, असुल गर्नुपर्ने बेरुजु ८० प्रतिशत भन्दा बढी

फछ्यौर्ट गर्ने र सम्परीक्षण गराउने गरी बेरुजु फछ्यौर्ट कार्यलाई प्राथमिकता दिई कार्य गरिनेछ ।

१६९. अन्तरिक लेखा परिक्षण शाखालाइ आधुनिक, प्रविधिमैत्री र व्यवस्थित बनाइनेछ ।

१७०. नगरको वित्तीय कारोबारलाई संवैधानिक आर्थिक कार्यप्रणालीको मर्म अनुरुप स्वच्छ, पारदर्शी र जवाफदेही बनाउदै आर्थिक अनुशासन र वित्तीय जवाफदेहीता प्रवर्द्धन गरिनेछ ।

**(ज) वन वातावरण, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन र पर्यावरण**

१७१. स्वच्छ, सफा, हराभरा नगरपालिकाको रुपमा विकास गर्न आधुनिक प्रविधियुक्त फोहोरमैला प्रशोधन केन्द्र स्तरोन्नतिको लागि वडा नं. ४ व्यवस्थित प्रशोधन केन्द्रको निर्माण सम्पन्न गरी व्यवस्थित गरिनेछ ।

१७२. फोहोरको पुनः उपयोग र वैज्ञानिक व्यवस्थापन (**Waste Management Plant**) गर्ने नीति बमोजिम कार्यक्रमहरु अबलम्बन गरिनेछ ।

१७३. विपद उत्थानशील समाजको निर्माण गर्न आवश्यक प्रतिकार्य योजना निर्माण गरिनेछ ।

१७४. स्थानीय विपद जोखिम लेखाजोखा तथा नक्सांकन गर्दा अति जोखिम तथा संवेदनशील स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि आवश्यक कार्यक्रम एवम् परियोजना थालनी गरिनेछ ।

१७५. विपद् व्यवस्थापन केन्द्रको स्थापना गरिनेछ ।जल श्रोत प्रदूषण प्रति शुन्य सहनशीलता अबलम्बन गरिनेछ ।विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनतालाई संस्थागत गर्न आवश्यक नीति अबलम्बन गरिनेछ ।

१७६. ग्रामिण तथा शहरी क्षेत्रको योजनाबद्ध भौतिक, आर्थिक र सामाजिक विकासलाई सुरक्षित गर्न जमिन, संसाधन, सुविधा र सेवाको उपलब्धता र उपयोगलाई निर्देशन र मार्गदर्शन गर्ने वैज्ञानिक, व्यवस्थित र सुन्दर स्थानीय भू– उपयोग नीति **(Land Use Plan)** निर्माण गरिनेछ ।

१७७. विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनहरु तर्जुमा तथा परिमार्जन गरी कार्यसम्पादनमा सहजता ल्याइनेछ । साथै पूर्व सुचना प्रणालीको विकास गर्न विशेष पहल गरिनेछ ।

१७८. नगरपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताका लागी फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । फोहरलाई श्रोतमा वर्गीकरण गर्ने, उर्जामा रूपान्तरण गर्ने, प्राङ्गारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिनेछ ।यसका लागी सरकारी, गैह्रसरकारी, निजी तथा सहकारी क्षेत्रसँग विशेष साझेदारीको नीति अवलम्वन गरिएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ।

१७९. वडा नं ४ मा गजौटे पहिरो वस्ति संरक्षण, कुनपा १४ को अधेरीनेटा पहिरो नियन्त्रण तथा कुनपा २ को पहिरो नियन्त्रण संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**(झ) लैंगिक र सामाजिक समावेशीकरण, सशक्तीकरण एवम मुलप्रवाहिकरण**

१८०. आर्थिक, सामाजिक र सांस्कृतिक रुपले पछाडी रहेका बिभिन्न दलित, जनजाति, एकल महिला, विपन्न, उपेक्षित उत्पीडित वर्गको हितका लागि आवश्यक शसक्तिकरणका कार्यक्रमहरुको व्यवस्था गरिनेछ । महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय, बालबालिका आदिको सर्वाङ्गिण विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिका भित्रका सबै नागरिकहरुलाई आत्मसम्मानका साथ बाँच्ने वातावरण निर्माण गरिनेछ ।

१८१. स्वास्थ्य बिमा कार्यक्रममा तिर्नुपर्ने न्युनतम रकम अति विपन्न समुदायका परिवारका लागि निःशुल्क गरिने व्यवस्था मिलाइनेछ ।

१८२. दलित समुदायका परम्परागत सीपको संरक्षण, प्रबर्द्धन र रोजगारी सृजना गर्ने, परम्परागत सीपको तालिम सञ्चालन गर्ने र व्यवसायका लागि सहुलियतको व्यवस्था गरिनेछ

१८३. गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यको तथ्यांक सङ्कलन कार्य चालु आ.व मै सम्पन्न गरि कार्यविधि बमोजिमका अन्य कार्यहरु क्रमश सम्पन्न गरि आर्थिक रुपले विपन्न घर परिवार पहिचान गरि आवश्यक कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

१८४. दलित सशक्तीकरण, दलित विकास कोष एवम सचेतनामुलक कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१८५. **"लैङ्गिक हिंसा मुक्त स्थानीय तह"** घोषणा गर्न सक्षम हुने गरी ठोस योजना बनाई कार्यान्वयन गरिनेछ । हिंसा प्रभावित व्यक्तिहरुलाई पारिवारिक पुनर्मिलन र पुनःस्थापनाका लागि अल्पकालिन आश्रय (सेफ हाउस) स्थलको स्थापना तथा संचालन कार्यलाई आगामी आर्थिक बर्ष पनि निरन्तरता दिइनेछ ।

१८६. **समान कामको समान ज्याला**लाई सुनिश्चित गरिनेछ ।

१८७. उत्पादनशील क्षेत्रमा महिला सहभागिता तथा महिला उद्यमशीलता अभिवृद्धि गरी स्वरोजगार सुनिश्चित गरिनेछ ।

१८८. सामुदायिक विकासका हरेक तह र अङ्गमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

१८९. सामाजिक भवन नभएका वडाहरुमा कम्तिमा १ वटा सामाजिक भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१९०. बाल अधिकार सुनिश्चितताको लागि आधारभुत स्वास्थ्य शिक्षा र पोषणमा सबैको पंहुच अभिवृद्धि गर्दै बालमैत्री स्थानिय शासन कार्यान्वयन गरिनेछ । बाल संगठनको नियमन र व्यवस्थापनको लागि आवश्यक कार्यक्रम अगाडी बढाईनेछ ।

१९१. ज्येष्ठ नागरिकमा रहेको ज्ञान,सीप,क्षमता र अनुभव अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम मार्फत युवा पुस्तामा हस्तान्तरण गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिकको जिवनयापन सहज बनाउनका लागि ज्येष्ठ नागरिक विश्राम गृह, दिवा सेवा केन्द्र, मिलन केन्द्र स्थापना तथा संचालन कार्यलाई निरन्तरता दिइनेछ । यस्ता केन्द्रमा खाजा तथा धार्मिक गतिविधि संचालन गर्ने एवम आवधिक स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१९२. वृद्ध-वृद्धाहरुलाई आध्यात्मिक प्रवचन तथा मनोरञ्जनका लागि आवश्यता बमोजिम संगीतका सामग्रीहरु उपलब्ध गराईनेछ ।

१९३. संविधानप्रदत्त मौलिक हकको कार्यान्वयन गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीय तहका सबै सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरूमा विशेष व्यवस्था सहित प्रतिनिधित्व र पहुँच सुनिश्चित गरिनेछ ।

१९४. अपाङ्गता भएका व्यक्तिहरुलाई उद्यमी बनाउन सीपमा आधारित कम्प्युटर, उद्यमशीलता तथा वित्तीय साक्षरता लगायतका तालिमहरु निःशुल्क रुपमा प्रदान गरिनेछ ।

१९५. अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री तथा उपकरणहरु स्थानीय तहमै निःशुल्क उपलब्ध गराइनेछ ।

१९६. अपाङ्गता भएका बालबालिकाको शिक्षाको पहुँच सुनिश्चित गरिनेछ । स्थानीय तहमा सार्वजनिक तथा संस्थागत विद्यालयहरुमा समावेशी शिक्षा नीति अनुरुप छात्रवृत्ति सहितको निःशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनेछ ।

१९७. पहुँचयुक्त प्रविधि, ब्रेल लिपि तथा दोभाषे र साङ्केतिक भाषाको विकासमा विशेष जोड दिइनेछ ।

१९८. कुश्मा नगरपालिका अन्तर्गत कार्यक्षेत्र रही संचालनमा रहेका बिभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु एवम निजि क्षेत्रसंग आवश्यक समन्वय एवम सहाकार्य गरिनेछ ।

**(ञ) सूचना, संचार र प्रविधि (ICT)**

१९९. सरकारी सेवा क्षेत्रलाई अनिवार्य डिजिटाइज गर्दै नगरपालिकाबाट प्रदान गरिने अधिकांश सेवाहरु सूचना प्रविधि मार्फत् प्रवाह गरिनेछ ।

२००. सामाजिक सुरक्षा भत्तालाई सूचना प्रविधि संग आबद्ध गराउदै पूर्ण रुपमा बैंक मार्फत भुक्तानी दिदै आइएको छ । सो कार्यलाई अझ प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ ।

२०१. व्यक्तिगत घटना दर्ता कार्यलाई सम्पूर्ण रुपमा अनलाइन मार्फत गर्ने व्यवस्था मिलाईनेछ ।

२०२. आगामी आ.व. २०७९/०८० मा कार्यान्वयन हुने योजनाहरुलाई सूचना प्रविधि संग जोड्दै अनलाईन मार्फत योजना सम्झौता र भुक्तानीको लागि आवश्यक पहल गरिनेछ ।

२०३. सार्वजनिक पार्क र लाइब्रेरीमा वाइफाई जोन निर्माण गरिनेछ ।

२०४. सबै टोल र गाउँमा इन्टरनेटको सुविधा पुर्याईनेछ ।

२०५. महत्वपूर्ण सार्वजनिक स्थानमा निःशुल्क वाईफाईको व्यवस्था गर्ने कार्यक्रम ल्याइनेछ ।

२०६. नगरको मासिक ई-बुलेटिन प्रकाशन कार्यलाई निरन्तरता दिदै एक वार्ड एक बुलेटिन प्रकाशनमा ल्याइनेछ ।

२०७. पत्रकारिता प्रवर्द्धन एवम् विकासका लागि आवश्यक सहयोग तथा व्यवसायिकता वृद्धिका लागि आवश्यक अनुदान कार्यक्रम ल्याइनेछ ।

२०८. स्थानीय सञ्चार माध्यमको सवलिकरणका लागि दिंदै आएको अनुदानमा थप वृद्धि गरि सञ्चार माध्यमलाई थप सशक्त बनाइनेछ ।

२०९. नागरिक समाज, पत्रकारहरुसंगको अन्तरक्रियाका लागि मिडिया सेन्टरको स्थापना गरिनेछ ।

**(ट) न्यायिक कार्य सम्पादन र विवाद निरुपण**

२१०. न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागी न्यायिक समितिको क्षमता विकास गरिनेछ ।वडा तहमा निर्माण भएका मेलमिलाप केन्द्रको प्रभावकारी परिचालन गरि न्यायिक व्यवस्थालाई अझ सुदृढ बनाउने र मेलमिलापको माध्यमबाट सर्वसुलभ रुपमा न्याय निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

२११. नगरपालिकाको न्यायिक समितिलाई प्रभावकारी, व्यावसायिक र दक्ष बनाउन आवश्यक तालिम, गोष्ठी र सेमिनारको आयोजना गरिनेछ । न्यायिक कार्य सम्पादन छिटो, छरितो र विश्वसनीय बनाउन आवश्यक जनशक्तिको प्रबन्ध गरिनेछ ।

**(ठ) आन्तरिक आय र राजश्व परिचालन**

२१२. **"कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो"** भन्ने अवधारणाको विकास गर्न स्वयम् कर निर्धारण पद्धतिमार्फत करदातालाई पहिलो कर प्रशासकको रुपमा लिने गरी कर सम्बन्धी कानुनको व्यवस्था गरिनेछ ।

२१३. आगामी आर्थिक वर्षको सुरुवातबाटै नगरपालिकाभित्रका सबै वडाबाट सबै नागरिकले कर तिर्न सक्ने गरि जनशक्ति व्यवस्थापन सहित भौतिक पूर्वाधार एवं सफ्टवेयर जडान गरी करदातालाई सुलभ हुने गरी विधुतीय माध्यमबाट कर असुलि गरिनेछ । करको दरलाई सामान्य संशोधन गरि दायरालाई वृद्धि गरिनेछ ।सम्पति कर वडाबाटै लिने व्यवस्था मिलाइनेछ ।

२१४. आन्तरिक राजश्व परिचालनको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणलाई यथार्थपरक बनाइनेछ ,राजश्व प्रशासनलाई व्यवस्थित, सरल, प्रविधिमैत्री एवम करदातामैत्री बनाउदै वडा कार्यालयबाट कर शुल्क र दस्तुर संकलन गर्न कम्प्युटर, सफ्टवेयर तथा आवश्यक जनशक्तिको व्यवस्था मिलाइनेछ ।

२१५. कर सूचना प्रणाली मार्फत राजश्व सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ र **"कर सचेतना कार्यक्रम"** संचालन गरिने छ । नदीजन्य/खानीजन्य पदार्थको अवैध निकासी तथा ओसार पसार निरुत्साहित गरिनेछ ।

२१६. विज्ञापन करको होर्डिङ बोर्ड, साइन बोर्ड, वाल पेन्टिङ ,सटर पेन्टिङको लागत तयार गरिनेछ ।

२१७. नगरभित्र सञ्चालनमा रहेका उद्योग व्यवसाय, घर भाडा सम्बन्धी विवरणहरु राजश्व सूचना प्रणालीमा प्रविष्टि गरिनेछ । करदाताले घरबाटै नगरपालिकालाई बुझाउनुपर्ने करको जानकारी लिन सक्ने व्यवस्था गरी अनलाइन पेमेन्ट गेटवेबाट राजश्व भुक्तानी गर्न सक्ने व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

२१८. बजार अनुगमन र उपभोक्ता हित संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

२१९. यस गरिमामय सभामा पेश भएको यस नीति तथा कार्यकमबाट आगामी आर्थिक बर्ष २०७९/८० को वजेटलाइ समेत मार्गनिर्देशन प्राप्त भई यहि सभामा पेश हुनेछ ।

२२०. कुश्मा नगरपालिकाको अल्पकालीन र दीर्घकालीन नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्ने कार्यहरु नगरसभा, नगर कार्यपालिका, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, नगरकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, विज्ञ सल्लाहकारहरु र कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ ।

२२१. यस गरिमामय सभामा पेश भएको नीति तथा कार्यक्रम तयार गर्न मार्गदर्शन गर्ने एवम् सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री ज्यू, प्रतिनिधि सभाका मनानीय सदस्य ज्यू, संविधान सभा सदस्य ज्यू, प्रदेश सभाका मनानीय सभामुख ज्यू, गण्डकी प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख एवम् नेतागणहरु एवम् नीति तथा कार्यक्रमलाई बजेट संग समन्वय गर्दै व्यवहारिक र बस्तुपरक नीति छनौटमा सहयोग गर्नुहुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, तथा नगरसभाका सदस्यहरु, कुश्मा नगरपालिकाका सम्पूर्णशाखा प्रमुख एवम् राष्ट्र सेवक कर्मचारीहरु,बुद्दिजीवी एवम् संचारकर्मीहरु लगायत क्रियाशिल संघ संस्थाहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !

**रामचन्द्र जोशी**
**नगर प्रमुख**

**मिति २०७९ आषाढ १० गते शुक्रबार**